# प्रथम अध्यक्षताको सन्देश, मार्च २०१२

## हामीलाई अगमवक्ताहरूको आवश्यकता किन पर्छ ?

## अध्यक्ष डिटर एफ् उक्डोर्फद्वारा

प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार

स्वर्गीय पिताले उहाँका सन्ततीहरूलाई माया गर्ने हुनाले यो भौतिक जीवनमा उहाँले तिनीहरूलाई निर्देशन र अगुवाइ बिना छोड्नुभएको छैन । हाम्रा स्वर्गीय पिताका शिक्षाहरू साधारण्, भविष्यवाणीमा आधारित, मुद्रण गरी निकालिएका जसलाई तपाईंले स्थानीय पुस्तक भण्डारबाट पुस्तकका रूपमा लिएजस्तो होइन । तिनीहरू सबै कुरा जान्ने आफ्ना सन्ततीलाई माया गर्ने सेलेस्टियल राज्यमा रहने अति शक्तिशाली व्यक्तित्वका ज्ञान हुन् । उहाँका शब्दहरूमा धेरै लामो समयको देखिको रहस्य छ – यो जीवन र आउने संसारका लागि खुशीको साँचो ।

उहाँका सेवक अगमवक्ताहरूका माध्यमबाट स्वर्गीय पिताले यो ज्ञान पृथ्वीमा उहाँका सन्तानसम्म पुऱ्याउनुहुन्छ (हेर्नुहोस् आमोस ३:७) । आदमको समयदेखि नै परमेश्वरले उहाँका सन्ततीसँग नियुक्त गरिएका भविष्यवक्ताका माध्यमबाट कुरा गर्नुभएको छ जो अरूहरूका लागि उहाँका चाहना र निर्देशनहरू प्रकट गर्न उत्तरदायी छन् । अगमवक्ताहरू प्रेरणा प्राप्त शिक्षकहरू हुन् र सधैं येशू ख्रीष्टका विशेष साक्षीहरू हुन् (हेर्नुहोस् सि र क १०७:२३) । अगमवक्ताहरूले तिनीहरूको समयका मानिसहरूसँग कुरा गर्ने मात्रै नभई सबै समयका मानिसहरूका लागि कुरा गर्छन् । तिनीहरूका वाणीहरू निरन्तर रूपमा उहाँका सन्ततीहरूका लागि सताब्दीयौंसम्म गवाहीका रूपमा परमेश्वरका चाहनाका बनेर रहन्छन् ।

वर्तमान भूतभन्दा भिन्न छैन । परमप्रभुले हाम्रो समयका मानिसहरूलाई भूतकालका मानिसहरूलाई भन्दा कम माया गर्नुहुन्न । येशू ख्रीष्टको पुनरुत्थापित् चर्चको महिमित सन्देशहरू मध्येको एक सन्देश भनेको परमेश्वरले उहाँका सन्ततीसँग बोल्ने कार्यलाई निरन्तरता दिनुहुन्छ भन्ने नै हो ! उहाँ स्वर्गमा लुक्नुभएको छैन तर प्राचीन समयमा जस्तै आजपनि बोल्नुहुन्छ ।

परमप्रभुले उहाँका अगमवक्ताहरूलाई प्रकट गरेका धेरै जसो कुराहरू व्यक्तिहरू र समुदायहरूका रूपमा हामीमा आउने पीडाहरूको रोकथामका लागि हुन्छन् । जब परमेश्वरले बोल्नुहुन्छ, उहाँले उहाँका सन्ततीलाई सिकाउन, प्रेरणा दिन, खुशी बनाउन र सचेत गराउनका लागि त्यसो गर्नुहुन्छ । जब व्यक्तिहरू र समुदायहरूले तिनीहरूका स्वर्गीय पिताका निर्देशनहरूको बेवास्ता गर्छन्, तिनीहरूले परीक्षण, यातना वा कठोर परिश्रमको सामना गर्नुपर्ने हुन सक्छ ।

परमेश्वरले उहाँका सबै सन्ततीहरूलाई माया गर्नुहुन्छ । त्यसैले उहाँले आफ्ना अगमवक्ताहरूको माध्यमद्वारा हामीलाई अत्यन्तै कोमलभावमा आह्वान् गर्नुहुन्छ । हामीले हाम्रा प्रियजनका लागि उत्तम चाहना राखे जस्तै स्वर्गीय पिताले हाम्रा लागि के उत्तम हो त्यो चाहनुहुन्छ । त्यसैले उहाँका निर्देशनहरू साह्रै महत्वपूर्ण र यदाकदा अति नै जरूरी पनि हुन्छन् । त्यसैले उहाँले आजपनि हामीलाई एक्लै छोड्नुभएको छैन तर निरन्तर रूपमा उहाँका अगमवक्ताहरूका माध्यमबाट आफ्ना चाहनाहरूलाई प्रकट गराउनु भएको छ । हाम्रो भविष्य र हाम्रो संसारको भविष्य उहाँका सन्तानलाई परमेश्वरले प्रकट गर्नुभएका शब्दहरूको सुनाइ र आत्मसात गर्नुमा आश्रित छ ।

मानव समुदायका लागि परमेश्वरका अमूल्य निर्देशनहरू बाइवल, मरमनको पुस्तक, सिद्धान्त र करार अनि बहुमूल्य मोतीमा पाइन्छन् । थप रूपमा, परमप्रभुले उहाँका सेवकहरूको माध्यमबाट हामीसँग कुरा गर्नुहुन्छ जुन उहाँले आउने साधारण सम्मेलनमा पुनः गर्नुहुनेछ ।

ती सबै जो त्यस्तो हुन सक्छ र भनेर आश्चर्यचकित हुनुहुन्छ–जसले सोध्न सक्नुहुन्छ, “के आजपनि परमेश्वरले कुरा गर्नुहुन्छ के यो सम्भव छ?”–मेरो सम्पूर्ण हृदयले म तपाईंलाई “आउन र हेर्न” आमन्त्रण गर्छु (यूहन्ना १:४६) । धर्मशास्त्रमा पाइने परमेश्वरका शव्दहरू पढ्नुहोस् । उहाँका पछिल्ला दिनका अगमवक्ताहरूका माध्यमद्वारा परमेश्वरले दिनुभएको उहाँका वाणीहरू लिनका लागि सचेत बनेर साधारण सम्मेलन सुन्नुहोस् । आउनुहोस् र तपाईंको हृदयले सुन्नुहोस् र हेर्नुहोस् ! किनकि यदि तपाईंले “सम्वेदनशील हृदय र वास्तविक चाहनाले खीष्टमा विश्वास राखेर खोज्नुभयो भने पवित्र आत्माको माध्यमद्वारा (परमेश्वर) ले यसको सत्यताका बारेमा तपाईंलाई बताउनुहुनेछ” (मोरोनाई १०:४) । यो शक्तिको माध्यमद्वारा, मलाई थाहा छ कि येशू खीष्ट जीवित हुनुहुन्छ र उहाँले उहाँको चर्चलाई जीवित अगमवक्ता अध्यक्ष थमस एस्. मनसनका माध्यमबाट निर्देशित गर्नुहुन्छ ।

दाजुभाइ तथा दिदीबहिनीहरू, परमेश्वरले आजपनि हामीसँग कुरा गर्नुहुन्छ । अनि उहाँले उहाँका सबै सन्ततीले सुनून् र उहाँका वाणीलाई हृदयङ्गम गरून् भन्ने चाहनुहुन्छ । जसै हामीले त्यसो गर्नेछौं, परमप्रभुले आशीषित गर्नुहुनेछ र यो जीवनमा अनि आउने संसारमा पनि हामीलाई कृतज्ञतापूर्वक स्वीकार्नु हुनेछ ।

जीवित अगमवक्ताद्वारा अगुवाइ गरिएको

अगमवक्ताहरू

प्रथम अध्यक्षताको सन्देश

युवा

जीवित अगमवक्ताद्वारा अगुवाइ गरिएको

खीष्टि रिपाद्वारा

म १६ वर्षको हुँदा, मलाई पहिलो पटक व्यक्तिगत रूपमा साधारण सम्मेलनमा सहभागी हुने सुअवसर मिलेको थियो । मेरो परिवार यूएस्एको पश्चिम वरिजनमा बसिरहेको थियो अनि हामी सम्मेलनमा सहभागी हुन र मेरो जेठो दाजुलाई धर्मप्रचारक तालिम केन्द्रमा छोड्नका लागि यात्रा गर्‍यौं ।

पवित्र आत्माको माध्यमद्वारा सुशिक्षित हुने चाहना बोकेर म सम्मेलन केन्द्रमा पुगें । परिणाम स्वरूप, मैले आत्माबाट एक दर्शन प्राप्त गरें कि सम्भवतः मैले आफू स्वयम्लाई तयार नपारेको भए मैले त्यो प्राप्त गर्दैनथें ।

कुनै एक खण्डमा सभाका हरेक व्यक्ति उठेर समूहिक भजन “हे महान् योहोवा हामीलाई निर्देशित गर्नुहोस्” गाए । जसै हामीले गायौं, मलाई सम्मेलन केन्द्र वरिपरि हेर्ने गहिरो प्रेरणा मिल्यो । मैले त्यसो गरें र हामी सबैले हाम्रो आवाज उच्च पारेर परमेश्वरको आराधनामा सम्लग्न हजारौं मानिसहरूको एकताको शक्तिद्वारा आश्चर्यचकित बनें ।

त्यसपछि मैले एउटा अनुभव प्राप्त गरें जहाँ मैले निफाईले जीवनको वृक्षको दृष्टि प्राप्त गर्दा अनुभव गरे जस्तै गरी आत्माले मलाई “हेर” भनेको महसुस गरें (हेर्नुहोस् १ निफाई ११-१४) । मैले अध्यक्ष थमस एस् मनसनतर्फ हेरें र महसुस गरें कि हामीहरूलाई जीवित अगमवक्ताले अगुवाइ गरेकै कारण चर्चको एकता रहेको छ । पवित्र आत्माको साक्षीका कारण, हाम्रा दिनका लागि अध्यक्ष मनसन सत्य अगमवक्ता हुनुहुन्छ भनेर मलाई थाहा छ र मलाई थाहा छ कि येशू खीष्टले उहाँको माध्यमद्वारा यो चर्चको अगुवाइ गर्नुहुन्छ ।

**© 2012 by Intellectual Reserve, Inc.** सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१० । अनुवाद अनुमोदनः ६/१० । **First Presidecy Message, March 2012** को अनुवाद । भाषा **Nepali 10363 -372**

# भेट गर्ने शिक्षिकाको सन्देश, मार्च २०१२

## मेरो राज्यमा छोरीहरू

यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीबनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् ।

आस्था • परिवार • सहायता

हामी हाम्रा स्वर्गीय पिताका छोरीहरू हौं । उहाँले हामीलाई चिन्नुहुन्छ, माया गर्नुहुन्छ र हाम्रा लागि उहाँसँग योजना छ । त्यो योजनाको एउटा अंशले पृथ्वीमा आउने र दुष्टताको सट्टामा असल कुराको छनोट गर्न सिक्ने कुरालाई समावेश गर्छ । जब हामीले परमेश्वरका आज्ञाहरू पालना गर्ने कुराको छनोट गर्छौं, हामीले उहाँलाई सम्मान गर्छौं र हाम्रो अस्तित्वलाई परमेश्वरका छोरीहरूको रूपमा पहिचान गर्छौं । रिलिफ सोसाइटीले हामीलाई यो दैवी अस्तित्व स्मरण गर्न सहयोग गर्छ ।

रिलिफ सोसाइटी र यसको इतिहासले हामीहरूलाई मजबुत पार्छ र सहयोग गर्छ । रिलिफ सोसाइटी साधारण अध्यक्ष जुली बी. बेक भन्नुहुन्छ, "परमेश्वरका छोरीहरूका रूपमा तपाईंले अनन्त गन्तव्यका लागि तयार गरिरहनुभएको छ र तपाईंहरू हरेकमा महिलाको अस्तित्व, प्रकृति र दायित्व छ । परिवारहरू, समुदायहरू, यो चर्च र महत्वपूर्ण मुक्तिको योजनाको सफलता तपाईंको आस्थावादितामा निर्भर रहन्छ । ... (हाम्रा स्वर्गीय पिता) रिलिफ सोसाइटीले उहाँका मानिसहरूलाई मन्दिरका आशिषहरू प्राप्त गर्न तयार पारोस् भन्ने चाहनुहुन्छ । उहाँले आफ्ना छोरीहरूलाई उहाँको कार्यद्वारा सवल पारी उहाँको राज्य निर्माण गर्न  अनि सियोनका घरहरू मजबुत पार्नका लागि तिनीहरूको सहयोग लिन ( रिलिफ सोसाइटी) को स्थापना गर्नुभयो ।"१

स्वर्गमा रहनुहुने हाम्रा पिताले हामीलाई उहाँको राज्य निर्माणमा सहयोग गर्ने विशिष्ट कार्य दिनुभएको छ । उहाँले हामीलाई यो विशिष्ट कार्य पूरा गर्नका लागि आवश्यक पर्ने आत्मिक उपहारले पनि आशिषित तुल्याउनु भएको छ । रिलिफ सोसाइटीका माध्यमबाट हामीलाई हाम्रो उपहारको उपयोग गरी परिवारहरू मजबुत पार्ने, आवश्यकतामा रहेकालाई सहयोग गर्ने र येशू ख्रीष्टको अनुयायीका रूपमा कसरी जिउने भनेर सिक्ने सुअवसर मिलेको छ ।

अध्यक्ष डिटर एफ् उक्डोर्फ, प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकारले चेलाका विषेशताका बारेमा बताउनुभयो: "धैर्यतापूर्वक चेलाका विषेशताको अनुशरण गर्‍यौं भने हामीले आफू स्वयंलाई आफ्नो आस्थाको महत्वका बारेमा अनि हाम्रो चाहना भन्दा पनि परमेश्वरको चाहनालाई स्वीकार गर्ने इच्छा देखाउँछौं ।"२

हामी परमेश्वरका छोरीहरू हौं भनेर सम्झियौं र उहाँका चेलाहरूका रूपमा जिउने प्रयास गरौं । यदि हामीले त्यसो गर्‍यौं भने हामीले यहाँ पृथ्वीमा परमेश्वरको राज्य निमार्ण गर्न सहयोग गर्छौं र उहाँको उपस्थितिमा फर्कन योग्य बन्छौं ।

धर्मशास्त्रहरूबाट

जकरिया २:१०; सिद्धान्त र करार २५:१, १०, १६; १३८:३८-३९,५६; "परिवार: संसारका लागि एक घोषणा" (***Liahona*** **and** ***Ensign***, नोभे. २०१०, १२९)

हाम्रो इतिहासबाट

अप्रिल २८, १८४२ मा अगमवक्ता जोसेफ स्मिथले रिलिफ सोसाइटीका दिदीबहिनीहरूलाई भन्नुभयो: "अहिले तपाईंहरूलाई एक त्यस्तो अवस्थामा राखिएको छ जहाँ तपाईं परमेश्वरले (तपाईं) मा राखिदिनुभएका करूणाभावका आधारमा कार्य गर्न सक्नुहुन्छ । ... यदि तपाईंले आफूले प्राप्त गरेका

सुअवसर अनुसार जीउनुभयो भने देवदूतहरू तपाईंको नजिक नभई रहन सक्नेछैनन् ।

अरूलाई सेवा गर्न अनि हरेक व्यक्तिमा आस्था बढाउन सहयोग पुऱ्याउनका लागि रिलिफ सोसाइटीको शक्ति पहिचान गर्न १८९३ मा रिलिफ सोसाइटीकी तृतीय साधारण अध्यक्ष जिना डी. एच् योङले दिदीबहिनीहरूलाई प्रतिज्ञा गर्दैभन्नुभयो, "यदि तपाईं आफ्नै हृदयको गहिराइमा पुग्नुभयो भने तपाईंले परमप्रभुको आत्मा, बहुमूल्य मोति, यो कार्यको गवाही पत्तालगाउनु हुनेछ ।"४

सूचीहरू

१

जुली बी. बेक, "'Daughters in My Kingdom': The History and Work of Relief Society," *Liahona,* नोभेम्वर २०१०, ११२, ११४ ।

२

डिटर एफ् उक्डोर्फ, "The Way of the Disciple," *Liahona,* मे २००९, ७६

३

जोसेफ स्मिथ, *History of the Church,* ४:६०५ मा

४

जिना डी. एच. योङ, "मैले सत्यताबारेको मेरो गवाही कसरी प्राप्त गरेँ" *Young Woman's Journal,* अप्रिल १८९३, ३१९

मैले के गर्न सक्छु ?

१

परमेश्वरका छोरीहरूका रूपमा तिनीहरूमा रहेको सम्भाव्यतालाई प्राप्त गर्न मैले मेरा दिदीबहिनीहरूलाई कसरी सहयोग गर्नसक्छु ?

२

सिद्धान्त र करार २५ मा महिलाहरूका लागि दिइएका निर्देशन र चेतावनीहरूलाई म मेरो जीवनमा कसरी लागु गर्न सक्छु ?

थप जानकारिका लागि, www.reliefsociety.lds.org मा हेर्नुहोस् ।

© 2012 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१० । अनुवाद अनुमोदनः ६/१० । Visiting Teaching Message, March 2012 को अनुवाद । भाषाः Nepali. 10363-372